राष्ट्र,जनता र प्रजातन्त्रप्रति प्रतिबद्ध
E-mail:times.tarai5@gmail.com

राष्ट्रिय दैनिक
TARAI TIMES NATIONAL DAILY
# तराई टाइम्स

विज्ञापनको लागि
सम्पर्क गर्नुपरेमा
मो.९८४४१२५२८२
वा ९८१७८०७४१८
मा सम्पर्क गर्नुहोला

वर्ष १३ अंक ३०१ २०७७ मंसिर ११ गते विहीवार ( 26 Nov. 2020) पृष्ठ ४ मुल्य रु. ३/-

## जनकपुरधाममा राजा आउ देश बचाउ भन्दै प्रदर्शन

टाइम्स समाचारदाता

जनकपुरधाम । जनताको हितमा राजनीति गर्छु भन्नेहरुले स्वार्थवादमा समय खेर फालिरहेसँगै जनताको विश्वास उनीहरुबाटै टाढिँदै गएको छ। यतिवेला देशको बागडोर सम्हाली रहेको नेकपामा आन्तिरक कलह चलिरहेको छ। यस्तो समयमा राजासत्ताको माँग पनि बढेको छ। अहिलेको समयमा राजाको पालाको भन्दा पनि अवस्था बिग्रिएको स्मरण नेपाली जनतामा हुन थालेको छ। त्यही कारण राजा शासन मनपराउनेहरु औपचारिक र अनौपचारिक रुपमै विभिन्न क्रियाकलापमा सक्रिय भएका छन् । यसैक्रममा बुधवार जनकपुरधाममा "राजा आउ देश बचाउ" भन्दै प्रदर्शन भएको छ । प्रदर्शनमा राम्रै उपस्थिती रहेको पथयो । सो अवसरमा राजतन्त्र र हिन्दु राज्यको पक्षमा नारावाजी



सहित प्रदर्शन गरिएको छ । 'हाम्रो राजा हाम्रो देश प्राण भन्दा प्यारो छ' सहितका नाराहरु सहित मधेशी पहाडी सबैको सहभागितामा जनकपुरधामको रेल्वे स्टेशनवाट निक्लेको र्‍याली जनकपुरधामको विभिन्न भागको परिक्रमा गरिरहेको छ । अर्को थरीले भने देशमा बहुमतको सरकार चलाई रहेको नेकपाको भविष्य धरापमा रहेकाले राजावादी स्वस्फुर्त रुपमा केहि गरौं न त भन्ने हिसावले सडकमा आएको हुन सक्ने अनुमान गरिरहेको अवस्था छ। जे भएपनि राजतन्त्र र हिन्दु राष्ट्रको पक्षमा सुनिने यस्ता आवाजहरुको पक्षमा दिनानुदिन सहभागिता बढ्दै गएको देखिन्छ। पुर्व शिक्षक कारी यादवको नेतृत्वमा भएको भनिएको प्रदर्शनमा हजारौंको सहभागिता देखिएको थियो । जनकपुरधामवासीले यसलाई दुई किशिमले विश्लेषण गरिरहेका छन् । एकथरीले प्रधानमन्त्री केपि शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवा राजाकै निकट रहेकाले प्रचण्ड सहितका परिवर्तणकारी शक्तिलाई हलाउन त्यसो गरेको हुनसक्ने अनुमान गरिरहेका छन् ।

## पेस्तोल र मान्छे बेहोस बनाउने औषधि प्राध्यापकको घरमा भेटियो

टाइम्स समाचारदाता

जनकपुरधाम । पेस्तोल र मान्छे बेहोस बनाउने औषधि पर्साको वीरगञ्ज स्थित ठाकुरराम बहुमुखी क्याम्पसका प्राध्यापकको घरमा भेटिएपछि आश्चर्यचकित हुने अवस्था सृजना भएको छ । प्राध्यापक जितेन्द्रप्रसाद सिंहको घरबाट वडा प्रहरी कार्यालय विर्ताका इन्सपेक्टर राजेशराज पुरी र श्रीपुरका इन्सपेक्टर दिपक शाह कमाण्डको टोलीले एकथान पेस्तोल बरामद गरेका छन् । वीरगञ्ज महानगरपालिका-११ स्थित दुर्गा टोलमा रहेको उनको घरमा सुराकीको आधारमा प्रहरीले छापा मारेको थियो । सर्लाहीको बलरा स्थायी घर भएका ४९ वर्षीय सिंह प्राध्यापनसँगै वीरगञ्ज बस्दै आएका छन् । 'प्राध्यापक सिंहलाई म्याद लिएर थप अनुसन्धान गर्छौं' पर्साकी प्रहरी उपरीक्षक (एसपी) पन्तले भनिन्-'पेस्तोल र मान्छे बेहोस बनाउने औषधी उहाँले कुन प्रयोजनका लागी राख्नुभो भन्नेबारे सोधपुछ हुँदैछ।' प्राध्यापक सिंहको घर खानतलासी गर्दा पेस्तोल, ४ राउण्ड गोली, म्यागेजिन र मान्छे



बेहोस बनाउन प्रयोग हुने एनेस्थेटिक ईथर ५ सय मिलिटिर फेला परेको पर्साका प्रहरी उपरीक्षक गंगा पन्तले संचार कर्मीलाई बताइन् । एनेस्थेटिक ईथर डाक्टरले प्रयोग गर्छन् ।

## जग्गाको विषयलाई लिएर झडप हुँदा एकजनाको मृत्यु

टाइम्स समाचारदाता

जनकपुरधाम। जग्गाको विषयलाई लिएर रौतहटको गरुडा नगर पालिकाको वडा नं ७ मा दुई पक्षबीच झडप हुँदा एकजनाको मृत्यु भएको छ । प्रहरीले मृत्यु हुनेमा गरुडा नगरपालिकाको वडा नं ७ भिमडाबरका ५० वर्षीय फतिंगा ठाकुर रहेको जनाएको छ ।

इलाका प्रहरी कार्यालय गरुडाले झडपका क्रममा ज्ञानी ठाकुर, ध्यानी ठाकुर र नागेन्द्र ठाकुरको समूहले चिरान काठले टाउकोमा प्रहार गर्दा फतिंगा गम्भीर घाइते भएको जनाएको छ। इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी रवि रावलले घाइते फतिंगाको गरुडाकै एक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको बताए । प्रहरीका अनुसार चिरान काठ प्रहार गर्ने तीनै जना दाजुभाइले फतिंगा ठाकुरको जमिनलाई आफनो जमिन भएको दाबी गर्दै आएका थिए । दुवै पक्षबीच जग्गा विवादले बुधबार उग्ररुप लिँदा कुटाकुट भएको थियो । सोही क्रममा तीन जना मिलेर फतिंगालाई चिरान काठ प्रहार गर्दा उनी गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि गरुडाकै एक अस्पतालमा पुऱ्याइएको तर उपचारकै क्रममा उनको मृत्यु भएको डीएसपी रावलले बताए । मृतकको शव पोष्टमार्टमका लागि गौर अस्पताल पठाइएको र घटनामा संलग्न रहेका मध्ये ध्यानी ठाकुरलाई पक्राउ गरी आवश्यक अनुसन्धान अगाडि बढाएको डीएसपी रावलले बताए ।

रौतहटमा एक व्यक्तीको मंगलबार पनि कुटपिटकै कारण ज्यान गएको थियो ।

दुई छिमेकीबीच मंगलबार वृन्दावन नगरपालिकाको वडा नं.७ सखुवा धमौरामा भएको विवादमा अमिरी पासवानको ज्यान गएको थियो । प्रहरीले स्थानीय विकास पासवान र बिन्दा पासवानलाई घटनामा सँलग्न रहेको आरोपमा पक्राउ गरेको छ ।

## कुल संक्रमितको संख्या २ लाख २६ हजार २६ पुग्यो

टाईम्स समाचारदाता

जनकपुरधाम । बुधवारसम्म कोरोना भाइरस संक्रमितको कुल संख्या २ लाख २६ हजार २६ पुगेको छ। थप १ हजार ९ सय ४८ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । देशभरका प्रयोगशालामा ९ हजार २ सय १० नमुना परीक्षण गर्दा ७ सय ७४ महिला र १ हजार १ सय ७४ पुरुषमा संक्रमण पुष्टि भएको हो। यससँगै कुल संक्रमितको संख्या २ लाख २६ हजार २६ पुगेको छ। पछिल्लो २४ घण्टामा मात्र २ हजार १ सय ४० जना संक्रमणमुक्त भएका हुन् । देशभर १६ हजार ६ सय ३९ संक्रिय संक्रमित छन् । उनीहरुमध्ये ३ सय ४५ जनाको आईसीयू र ६३ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ ।

उनीहरुमध्ये १ हजार ३ सय ८९ जनाको मृत्यु भएको छ भने २ लाख ७ हजार ९ सय ९८ जना संक्रमणमुक्त भएका छन् ।

रोजगार बनौं ! ADMISSION OPEN रोजगार बनौं !

जनकपुर अंचल भरिमा नै लगातार १९ औं पटक
सबै भन्दा बढी रिजल्ट ल्याउन सफल
एकमात्र सु-प्रसिद्ध तालिम केन्द्र

शंकर टेक्निकल

- Civil sub-overseer (शिभिल सब ओभरसियर)-१८ महिने ।
- Pree-Diploma in Civil Engineering-१८ महिने ।
- Electrical sub-overseer (विद्युत सव ओभरसियर)-१८ महिने ।
- Pree-Diploma in Electrical Engineering-१८ महिने ।
- Survey Engineering (अमिन)-१८ महिने ।
- Pree-Diploma in Survey Engineering-१८ महिने ।

कोर्षहरुमा S.L.C./SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस् ।

पुन: फारम भर्ने अन्तिम मिति:२०७७ मंसिर १५ गतेसम्म

स्मरण रहोस्:

यहाँ Electrical,Engineering,Civil Engineering नापी अधिकृत,सर्वेक्षक तथा अनुभवी तालिम प्राप्त शिक्षक/शिक्षिकाहरुद्वारा तालिम दिने व्यवस्था गरिएको छ । धन्यवाद

सम्पर्क स्थान

शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर

जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बोटोमा)जनकपुरधाम-७

☎ ०४१-४२१३६२,मो.९८१२०९१४६४,९८५४०२०५६४,९८४४०३८३६७

शिवगङ्गा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित आओ करें यात्रा मङ्गलमय बराह क्षेत्र कार्तिक पूर्णीमा स्नान



बराह अवतार क्षेत्र



अष्ट धातु



सकरा भगवती

सकरा भगवती,बराह क्षेत्र स्नान,धरान(बुढासुब्बा) दन्तकाली,कंकालिनी,शम्भुनाथ दर्शन पूजा गरी पुन: जनकपुर आइपुग्नेछ । यात्राको अवधी ३ दिनको हुनेछ ।

यात्रा अवधीमा पाँच छाकको भोजनको व्यवस्था टिकटको साथमै हुनेछ ।

तातो पानीको पनि व्यवस्था रहनेछ ।

यही मिति २०७७/०८/१४ गते आइतवार दिनको ११ बजे पल्टी माई मन्दिरबाट बस खुल्नेछ ।

व्यवस्थापक

पोषाण प्रसाद साह

जानकी चौक (पल्टिमाई मन्दिर)

सब्जी बजार

मो. ९८४४१३३१९५

## सम्पादकीय...

# कृषि उपजमा ध्यान दिऔं

अहिले हामी २० औं शताब्दीमा आएर पनि परनिर्भर रहनु परेको छ । जुन हामी नेपालीहरुको लागि दुखद रहेको छ । देशमै सम्भव हुने वस्तुहरु दिनदिनै परनिर्भरता बढीरहेको देखिएको छ। जुन चार महिनाको अवधीमा नेपालमा ४ खर्बको वस्तु आयात भएको समाचारबाट स्पष्ट भएको छ। आयात हुने वस्तुहरुमा धेरैजसो देशको माटोमा उब्जाउन सकिने छन् । देशकै माटोमा स्किमका साथ गर्ने हो भने माटोमा उब्जनी हुनसक्ने वस्तुहरुमा नेपाल सबल हुन सक्छ। कारण नेपालको माटो उर्वर रहेको छ । साथै पानीको लागि पनि नेपाल विश्वमा दोश्रो दर्जा पाएको देशमध्येमा पर्छ। भनिन्छ आर्थिक वर्ष २०७७/७८ को पहिलो चार महिनामा ४ खर्ब रुपैयाँ विदेशबाट आयातित वस्तुमा खर्च भएको छ। यस अवधिमा निर्यातको आँकडा हेर्दा दुखद देखिएको छ । सो अवधीमा मात्र ४० अर्ब रुपैयाँको मात्र वस्तु देशबाट निर्यात भएको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिको तुलनामा भन्सार विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार साउन महिनादेखि कात्तिक महिनासम्म आयातमा केही गिरावट देखिएको छ। दिनदिनै बढीरहेको परनिर्भरताले कृषि प्रधान रहेको देशको बेइज्जती भइरहेको छ। २०४६ सालसम्म नेपाल कृषि क्षेत्रमा सबल रहेको थियो । त्यही कारण भारततर्फ नेपालबाटै कृषि उपजहरु जाने गरेको थियो । तर अहिले उल्टो भएको छ । जुन अत्यन्त दुखद रहेको छ । यसैले कृषि उपजमा ध्यान दिन जरुरी रहेको ठानेको छु ।

# राशीफल

| | |
|---|---|
| मेष | - धार्मिक काममा रुचि । |
| वृष | - पारिवारिक मेलमिलाप बढ्ने । |
| मिथुन | - मनमा दुविधा बढ्नेछ । |
| कर्कट | - दुविधा बढ्नेछ । |
| सिंह | - आकश्मिक लाभ हुनेछ । |
| कन्या | - कार्यमा बाधा आउनेछ । |
| तुला | - भय-चिन्ता बढ्ने । |
| वृश्चिक | - आंशिक लाभको योग छ । |
| धनु | - निराशा बढ्नेछ । |
| मकर | - घुम्ने मौका प्राप्त होला । |
| कुम्भ | - सामाजिक कार्यमा रुचि जाग्ने । |
| मिन | - मान-सम्मान बढ्नेछ । |

# जान्हवी मलायालम चलचित्रको रिमेकमा काम गर्ने तयारीमा

एजेन्सी । चलचित्र 'गुञ्जन सक्सेना'मा काम गरेपछि बलिउड नायिका जान्हवी कपुरको चर्चा निकै चल्यो। यो चलचित्रमा उनले गरेको अभिनयको प्रशंसा पनि भयो । डिजिटल प्लेटफर्ममा रिलिज भएको चलचित्रलाई दर्शकले रुचाए । चलचित्र 'गुञ्जन सक्सेना' हिट भएपछि जान्हवीलाई महिला केन्द्रित चलचित्रको अफर आउन थालेको छ। उनै, जान्हवी अब एक मलायालम चलचित्रको रिमेकमा काम गर्ने तयारीमा छिन् । भारतीय मिडियाका अनुसार, उनले मलायालम चलचित्र 'हेलेन'को रिमेकमा काम गर्न लागेकी हुन् । जी स्टूडियो र बोनी कपुरले मिलेर बनाउन लागेको यो चलचित्र माथुकुट्टी जेभियरले निर्देशन गर्दैछन् । मलायालम चलचित्र 'हेलेन'लाई उनले नै निर्देशन गरेका थिए । यो चलचित्रको छायांकन लखनउ र उत्तर प्रदेशका केही स्थानमा हुनेछ । भारत गएर क्यानडा बस्न चाहने एक नर्सको कथामा यो चलचित्र निर्माण भएको थियो । तर, अचानक यूवती गायब भएपछि आउने उतारचढावको कथा 'हेलेन'मा प्रस्तुत गरिएको छ ।



## तपाईहरुसँग कुनैपनि लेख रचना भए हाम्रो पत्रिकामा उल्लेखित इमेल मार्फत पठाउनु हुन सबैमा जानकारी गराउन चाहन्छु ।

## विशेष जानकारीको लागि सम्पर्क

९८४४१२५२८२
९८१७८०७४१८

# आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुरधाम

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| आँखा अस्पताल | ५२०३९९ |
| टाईम्स टि.भि. | ५२४९७१ |
| केयर मेडिकल सेन्टर | ५२०२३०,५२३८६४ |
| धनुषा अस्पताल | ५२५८०० |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| प्रहरी | ५२००९९,१०० |
| एम्बुलेन्स (महावीर युवा कमिटी) | ५२५९८० |
| एम्बुलेन्स (OSCSRC) धनुषा | ९८५४०२७४३४ |
| एम्बुलेन्स (समाज विकास संस्थान नेपाल) | ५२७१९३ |
| बारुण यन्त्र | ५२००११ |
| सुरक्षा गुल्म जनकपुर बैरेक | ५२०१८६,५२६५८६ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |

### जनकपुरधाम

| | |
|---|---|
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३,५२७८०० |
| खानेपानी | ५२०१५८ |
| एम्बुलेन्स सुर्या नेपाल | ९८५४०२२४७४ |
| जनकपुर एयरपोर्ट का. | ५२००४४ |
| बुद्ध एयर | ५२५०२१, ५२५०२२ |
| यति एयर लाइन्स | ५२००४७ |
| राष्ट्रिय मा. अधिकार | ५२७८१२ |
| जनकपुर रेल्वे | ५२०२११ |
| बस पार्क | ५२०९९८ |
| शाह केवल | ५२४७२२ |
| जानकी केवल | ५२३७२८ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| नयाँ समाज नेपाल | ९८०७८३६०५४ |

### जलेश्वर

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१०० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्यूज शाखा | ५२००६६ |
| अस्थायी प्रहरी चौकी भिठ्ठामोड़ | ५२०२०९ |
| **पार्टी कार्यालय** | |
| ने.काँ. | ५२०९९५ |
| ने.काँ. प्रजातान्त्रिक | ५२२९९४ |
| एमाले | ५२०४९५ |
| राप्रपा | ५२३६९९ |
| नेसपा | ५२४४५० |

तराई टाइम्स



# फिट रहनको लागि अपनाउन सकिन्छ यी हेल्थ टिप्स

जनकपुरधाम । अहिलेको समयमा धेरैलाई उच्च रक्तचापको समस्या रहने गरेको हुन्छ । त्यस्का साथसाथै मोटोपन हुनु कालेस्ट्रोलको समस्या पनि हुने गर्दछ । यी समस्याहरुले हृदयघातको जोखिम बढाएको छ । त्यसैपनि जाडो मौसम मुटु रोगीका लागि अनुकुल मानिदैन । वाह्य चिसोको कारण नसाहरु खुम्चने वा साँघुरिने हुन्छ । यसले रक्त प्रवाहमा कठिनाई ल्याउँनसक्छ । जसको सोझो भार, मुटुमाथि पर्ने गर्दछ । यस्ता अनेक कारण छन्, जसले जाडोमा हृदयघातको जोखिम बढाउँछ । मुटुमा रगत पुऱ्याउने नलीमा अवरोध भएमा मानिसलाई हृदयाघात हुने गर्छ । रक्तनलीका विशेषगरी तीनवटा कारणले अवरोध सिर्जना हुने गर्छ । खास गरी रक्तनलीमा बोसो जमेमा,नली फुटेमा वा रक्तचाप बढेर मुटुमा असर परेमा त्यस्तो हुने गर्दछ । सामान्यतया के मानिन्छ भने छातीमा तिब्र दुखाइ हुनु नै हृदयघातको संकेत हो । यद्यपि यति मात्र हृदयघातको संकेत होइन । हृदयघात हुनुअघि



नै छालामा केही अरु संकेत देखापर्छ, जसलाई पहिंचान गरेर हामी सर्तक रहन सक्छौं । मुटुको स्वास्थ्य गडबड भएपछि छालामा अनेक किसिमका संकेत देखिन थाल्छ । उक्त संकेतलाई पहिंचान गरेर बेलामै सर्तक रहेपछि संभावित खतराबाट बच्न सकिन्छ । शरीरको अचानक जुनसुकै भागमा स(सना बिबिरा आउँछ भने यसबाट बुझ्न सकिन्छ तपाईंमा हृदय रोग छ । यस्तो बिबिरा शरीरमा कोलेस्ट्रोलको स्तर बढेपछि देखिन्छ । त्यसैले अचानक देखिने यस्ता बिबिरापछि केही सावधान भने रहनुपर्छ । दुबै आँखाको छेउमा सेतो(पहेंलो चिप्रा जस्तो देखिन्छ । कसै कसैमा यो चिप्रा जमेको मैन बत्ती जस्तै पनि देखिन्छ । आँखाका साथै यस्तो चिप्रा हात र खुट्टामा पनि देखापर्न सक्छ । यदि तपाईंमा यस्तो संकेत देखिए तपाईंको कोलेस्ट्रोल नियन्त्रण भएको छैन । यसले कुनैपनि बेला हृदयघातको जोखिम निम्त्याउँछ । यदि तपाईंको शरीरको कुनैपनि भागको छालामा नीलो वा बजैनी रंगको देखिन्छ भने सावधान हुनुहोस्, किन भने यो अस्वस्थ्य मुटुको संकेत हो । यस्तो लक्षण धेरैजसो खुट्टाको औंला आसपासमा देखापर्छ । छालामा निलो, बैजनी निशानाको अर्थ हो कि तपाईंको शरीरको कुनै भागमा रगत जमेको छ र पर्याप्त अक्सिजन पुगिरहेको छैन । धमनीमा रगत जम्मा हुँदा धमनी ब्लक हुन्छ, जो हृदयघातको कारण बन्न सक्छ । यदि तपाईंको औंलाको माथिल्लो भाग सुन्निएमा यो पनि हृदयघातको पूर्व संकेत हुनसक्छ । सामान्यत नङको भाग सुन्निनु भनेको मुटुमा संक्रमण भएको वा अरु रोग भएको संकेत हो । कहिले काहीँ फोक्सोको समस्याले पनि यस्तो लक्षण देखाउँछ । यद्यपि यी सबै संकेत हृदघातको कारण बन्न सक्छ । अचानक तपाईंको औंलामुनी निलो वा बैजनी रंगको निशाना देखियो भने सावधान रहनुहोस् । यसले पनि हृदय रोगको संकेत गर्छ । हुन त यस्तो निशान चोटको कारण पनि देखापर्न सक्छ । यद्यपि कुनै चोटपटक लागेको छैन भने तुरुन्तै चिकित्सककहाँ पुग्नुपर्छ । यदि तपाईंको हात वा खुट्टाको औंलामा स-सना घाउ खटिरा जस्तो देखिन्छ र यो दुख्ने किसिमको छ भने यसले पनि हृदय रोगको संकेत गर्छ ।


# धनौजी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## धनौजी धनुषा

## प्रदेश नं. २,नेपाल

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना !**

(प्रथम पटक प्रकाशित मिति:२०७७/०८/११)

यस धनौजी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद,सेवा, समूह | माँग सँख्या | परीक्षा दस्तुर | नेपाल बंगलादेश बैंक धनौजी शाखाको खा.नं. ०६८०००१३४१ मा जम्मा गर्नुपर्नेछ । |
|---|---|---|---|---|---|
| १. | ०२/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | १(एक) | रु.५००।- | |
| २. | ०२/२०७७/०७८ | उद्यम विकास सहयोग | १(एक) | रु.५००।- | |

उद्यम विकास सहजकर्ताको प्रमाणपत्र भएको उम्मेदवारलाई उद्यम विकास सहजकर्ता पदको छनौट प्रकृयामा समावेश गराईनेछ भने उद्यम विकास सहजकर्ताको प्रमाणपत्र नभएको उम्मेदवार लाई उद्यम विकास सहयोग दको छनौट प्रकृयामा राखिनेछ । पुनः उद्यम विकास सहजकर्ताको प्रमाणपत्र भएकालाई प्राथमिकता दिइनेछ ।

**आवश्यक न्यूनतम योग्यता र अनुभवः**

**१. शैक्षिक योग्यताः**

**१.१ उद्यम विकास सहजकर्ताको लागिः**

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिका परिषद्(सिटिईभिटी) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिका परिषद्(सिटिईभिटी) बाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा ।

ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिका परिषद् (सिटिईभिटी) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्बन्धि प्राबिधिक प्रवेशिका परिक्षा (टिएसएलसी) कोर्ष उत्तीर्ण गरेको ।

**१.२ उद्यम विकास सहयोगीको लागिः**कुनैपनि विषयमा प्रविणता पत्र + २ वा सो सरह पास गरेको ।

**२.कार्य अनुभव**

२.१ उद्यम विकास सहजकर्ताको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनुपर्ने छ ।

२.२ उद्यम विकास सहयोगीको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जन वा समाजिक परिचालनको क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको हुनुपर्ने छ ।

**३.उमेरः** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**४.दरखास्त दिने स्थानः** धनौजी गाउँ कार्यपालिकाको कार्यालय धनौजी, धनुषा वा email:dhanaujimun@@gmail.com मा पनि पठाउन सकिनेछ ।

**५.दरखास्त दिने अन्तिम मितिः** २०७७/०८/२५

**६.दरखास्त फारम पाइने स्थानः** धनौजी गाउँ कार्यपालिकाको कार्यालय वा www.dhanaujimun.gov.np बाट डाउन लोड गर्न सकिनेछ ।

**७.छनौटको किसिमः** प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन,लिखित परिक्षा र अन्तर्वार्ता ।

**८.आवेदन तथा संलग्न कागजातहरुः**आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपीहरुः

क) नागरिकताको प्रमाणित प्रतिलिपी ।

ख) न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपी ।

ग) चारित्रीक प्रमाणपत्रको प्रतिलिपी ।

घ) अनुभव खुल्ने कागजात ।

ङ) २ प्रति पासपोर्ट साईजको फोटो ।

च) सेवा सुविधाःधनौजी गाउँ पालिकाको निर्णय बमोजिम ।

**नोट : महिला,दलित,आदिवासी,जनजाति,मधेशी तथा विपन्न वर्गलाई विशेष ग्राहयता दिइनेछ ।**

**सम्पर्क मो.९८१७८८७०१३**

प्रमुख प्रशासकीय अधिकृत



**महिला दिदी–बहिनी बिना हाम्रो घर–परिवार चल्दैन । यसर्थ उनीहरुलाई अनावश्यक रुपमा मानसिक तनाब नदिइ सम्मान गर्ने गरौं ।**

**तराई टाइम्सद्वारा जनहितमा जारी**




**वर्गिकृत विज्ञापन**

वर्गिकृत विज्ञापन मात्र रु. ३००/-मा

**छपाई तथा स्टाम्पका लागि सम्झौं**

विभिन्न खालका आकर्षक छपाई छिटोभन्दा छिटो लिन तथा सहलियत दरका साथ गराउन चाहनुहुन्छ भने मौकामा चौका हाली हामीलाई अवश्य सम्झनुहोस् ।

**नरेश अफसेट प्रेस**
थापाचौक, जनकपुरधाम
मो.९८४४०३७८३३

**जानकी मन्दिर**

**प्रत्येक दिन**

| | | |
|---|---|---|
| विहान ढोका खुल्ने समय | : | ०५:०० बजे |
| विहान पूजा आरती | : | ०८:०० बजे |
| विहान ढोका बन्द | : | १२:०० बजे |
| अन्नक्षेत्र | : | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : | ०७:३० बजे |

**राम मन्दिर**

| | | |
|---|---|---|
| विहान ढोका खुल्ने समय | : | ०५:०० बजे |
| मंगल आरती | : | ०७:३० बजे |
| महाप्रसाद भोग | : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : | ०३:३० बजे |
| सन्ध्या पूजा आरती | : | ०७:०० बजे |
| रात्रि भोग | : | ०९:०० बजे |
| पट बन्द | : | ०९:१५ बजे |



स्वामी रामानन्द प्रवेश द्वार

# तराई टाइम्स

२०७७ मंसिर ११ गते विहीवार | जि.प्र.का.धनुषा द.नं.:१३३/०६४/६५


## कर नतिरेका करदातालाई आर्थिक ऐन २०७७ ले दिएका छुट तथा सुविधा उपयोग गर्न पुनः सचेत गराइयो

टाइम्स समाचारदाता

जनकपुरधाम । आर्थिक ऐन २०७७ ले सरकारले विगत ६ वर्षयता स्थानीय लेखा नम्बर लिएर पनि कर नतिरेका करदातालाई दिएका छुट तथा सुविधा उपयोग गर्न पुनः सचेत गराएको छ । आर्थिक वर्ष २०७०/७१ यता स्थायी लेखा नम्बर लिएर पनि आय विवरण पेश नगर्ने, आय विवरणअनुसार आयकर नतिरेका करदाताका लागि फागुनसम्मको मौका आर्थिक ऐन २०७७ अनुसार दिएको छ । आन्तरिक राजस्व विभागका अनुसार आय विवरण पेश नगर्ने र कर नतिर्ने करदाताको संख्या २ लाख ८० हजार ६ सय ३८ रहेको छ । उता, ५० लाख भन्दा माथिको वाषिर्क कारोबार गर्ने करदातालाई भने आर्थिक वर्ष २०७३/७४ भन्दायता कर विवरण र त्यस अनुसारको आयकर नबुझाएको




अवस्थामा फागुनसम्म आय विवरण, विवरण अनुसार लाग्ने आयकर र त्यसमा लाग्ने करको २५ प्रतिशतसम्म बुझाउन सक्ने सुविधा दिइएको छ । त्यस अवस्थामा बाँकि ब्याज र अतिरिक्त शुल्क मिनाहा हुने भएको छ । विभागले देशभरका ती करदातालाई आगामी फागुनसम्म आर्थिक ऐनले दिएको छूट तथा सुविधा उपयोग गरी कर तिर्न ताकेता गरेको हो । आर्थिक ऐनले आय विवरण पेश नगर्ने वार्षिक ५० लाख रुपैयाँसम्म कारोबार गर्ने व्यक्तिले आर्थिक वर्ष २०७३/७४,२०७५/७६ सम्मको आय विवरण, सो आय विवरण अनुसार आयकर र त्यसमा लाग्ने ब्याजको २५ प्रतिशतले हुने रकम फागुन २०७७सम्म बुझाएमा सो भन्दा अघिल्ला वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने गरी छूट दिएको छ । त्यसरी छूट पाएको रकममा लाग्ने आयकर, शूल्क तथा बाँकि ब्याजसमेत छूट पाइने भएको छ । व्यवसायिक स्थायी लेखा नम्बर लिएर व्यवसाय संचालन गरिरहेका करदाताका लागि यी छूट र सुविधा उपलब्ध गराइएको हो । विभागले सार्वजनिक गरेको विवरण अनुसार स्थायी लेखा नम्बर लिएर कर विवरण नबुझाउने, त्यसअनुसारको आयकर नबुझाउने अधिकांश करदाता खुद्रा पसलेदेखि साना होटेल रेष्टुरेन्टससम्म छन् ।

## बर्दिवासका मेयर कार्की र इलाका प्रहरी कार्यालयका डीएसपी चापागाईंको पुतला दहन

टाइम्स समाचारदाता

जनकपुरधाम । बर्दिवासका मेयर विदुर कार्की र इलाका प्रहरी कार्यालयका डीएसपी राजन चपागाइँको पुतला दहन भएको छ । महोत्तरीमा बर्दिबासकी ६ वर्षीया बालिका हत्याको विरोधमा उनीहरुको पुत्ला दहन गरिएको हो । बर्दिवास सहकर्मी गोपाल खड्काका अनुसार स्थानीय प्रशासनको निषेधाज्ञालाई अवज्ञा गर्दै जारी प्रदर्शनमा आक्रोसित समूहले उनीहरुको पुत्ला दहन गरेका हुन् । तर बालिका गुलाब साह खातुनको बलात्कार पश्चात हत्या र त्यस विरुद्धको प्रदर्शनमा प्रहरीको गोली लागेर मृत्यु भएका सञ्जय न्यौपाने विरुद्ध स्थानीयले प्रदर्शन जारी



राखेका छन् । प्रदर्शनकारीले मृतक सञ्जय न्यौपानेलाई सहिद घोषाणा, मृतक परिवारलाई क्षतिपुर्ति, गोली चलाउने आदेश दिने अधिकारीलाई निलम्बन लगायतको माग राखेका छन् । उनीहरुले बुधबार दिउँसो बर्दिबास बजारमा प्रहरी प्रशासन विरुद्ध नाराबाजी गर्दै बर्दिबास नगरपालिकाका मेयर विदुर कार्कीको पुत्ला समेत जलाएका छन् । प्रदर्शनकारीहरुले पूर्व पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् भने बजार व्यवसाय पूर्ण रुपमा ठप्प रहेको छ । बर्दिबासमा बुधबार बिहान ९ बजेदेखि बिहीबार बिहान ६ बजेसम्मका लागि जिल्ला प्रशासन कार्यालय महोत्तरीले कर्फ्यू आदेश जारी गरेको छ ।

## बालिका हत्याको विरोधमा मुखमा कालोपट्टी बाँधेर प्रदर्शन

टाइम्स समाचारदाता

जनकपुरधाम । जलेश्वरमा मुखमा कालोपट्टी बाँधेर ६ वर्षीया बालिका हत्याको विरोधमा प्रदर्शन गरिएको छ । प्रहरीको गोली लागेर महोत्तरीको बर्दिवासमा भएको ६ वर्षीया बालिका गुलाब साह खातुनको बलात्कारपछि हत्या तथा स्थानीयको प्रदर्शनमा मृत्यु भएको सञ्जय न्यौपानेको विरोधमा स्वतन्त्र युवाहरुले युवा नेता आशुतोष झा नवीनको नेतृत्वमा मुखमा कालोपट्टी बाँधेर विरोध प्रदर्शन गरेका छन् । बालिका खातुनको हत्याको विरोधमा जारी निषेधज्ञाकाबीचै दुई दिनदेखि बर्दिबासमा पीडित परिवारको न्यायका लागि प्रदर्शन भइरहेको छ भने प्रदर्शनकै क्रममा प्रहरीको गोली लागेर घाइते तीन जनामध्ये २ जनाको उपचार हुँदैछ भने संजयको मृत्यु भएको छ । घाइतेमध्येका स्थानीय युवक सञ्जय न्यौपानेको उपचारको क्रममा बुधबार बिहान काठमाडौंमा मृत्यु भएको हो । प्रदर्शनमा सहभागीहरुले जनतालाई गोली हान्ने प्रहरीलाई कारवाही गर, संजय न्यौपानेलाई सहिद घोषणा गर, बलात्कारीलाई फाँसी दे, ६ वर्षीया



बालिका गुलबसा खातुनलाई न्याय दे लगायतको नारा लेखिएको प्लेकार्ड समेत बोकेका थिए ।न्यौपानेलाई प्रहरी प्रशासनले हत्या गरेको भन्दै त्यसको विरोधमा महोत्तरीको जलेश्वर नगर पालिकामा बुधवार युवाहरुद्वारा मुखमा कालोपट्टी बाँधेर विरोध प्रदर्शन गरिएको युवा नेता आशुतोष झा नवीनले जानकारी दिए ।








छविलाल साह
अध्यक्ष/एकडारा गाउँपालिका,महोत्तरी



विष्णु प्रसाद कुँवरद्वारा प्रकाशित तथा राजर्षि जनक अफसेट प्रिन्टर्स जनकपुरमा मुद्रित कार्यालय जनकपुर-९, बेल्हीचौक, फोन नं. ०४१-५२७९६१, फैक्स ०४१-५२४९७१,कार्यकारी सम्पादकः वीरेन्द्र कुमार 'रमण', सम्पादकः इन्द्रेश चौधरी, E-mail:times.tarai5@gmail.com